आज मिति २०८३ साल वैशाख २१ गते सोमबार यस कटारी नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा बसी देहायका निर्णयहरू गरियो।

**उपस्थितिः**

| क्र.सं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | राजेश चन्द्र श्रेष्ठ | नगरप्रमुख | |
| २. | गिता खड्का | नगर उपप्रमुख | |
| ३. | पदम लाल मगर | वडाध्यक्ष, वडा नं. १ | |
| ४. | प्रेम बहादुर क्षेत्री | वडाध्यक्ष, वडा नं. २ | |
| ५. | पुष्कर खड्का | वडाध्यक्ष, वडा नं. ३ | |
| ६. | भुपेन्द्र सिंह तामाङ्ग | वडाध्यक्ष, वडा नं. ४ | |
| ७. | मोहन बहादुर तामाङ्ग | वडाध्यक्ष, वडा नं. ५ | |
| ८. | प्रेम बहादुर मगर | वडाध्यक्ष, वडा नं. ६ | |
| ९. | सुविन ढुङ्गाना | वडाध्यक्ष, वडा नं. ७ | |
| १०. | नविन्द्र कुमार तामाङ्ग | वडाध्यक्ष, वडा नं. ८ | |
| ११. | बेग बहादुर आले मगर | वडाध्यक्ष, वडा नं. ९ | |
| १२. | क्षेत्र बहादुर खड्का | वडाध्यक्ष, वडा नं. १० | |
| १३ | अनन्त हायु | वडाध्यक्ष, वडा नं. ११ | |
| १४. | यम्बर बहादुर कटुवाल | वडाध्यक्ष, वडा नं. १२ | |
| १५. | शम्भु श्रेष्ठ | वडाध्यक्ष, वडा नं. १३ | |
| १६. | अम्बर बहादुर मगर | वडाध्यक्ष, वडा नं. १४ | |
| १७. | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८. | भगवती अधिकारी | कार्यपालिका सदस्य | |

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| १९. | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २०. | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१. | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | |
| २२. | हेम कुमारी बि.क. | कार्यपालिका सदस्य | |
| २३. | मञ्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | |
| २४. | जितेन्द्र बराईली | कार्यपालिका सदस्य | |
| २५. | राजन थापा | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| बैठक सञ्चालन सहयोगी कर्मचारी | | | |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | लोक बहादुर राई | क० अ० | |

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

मिति २०८३ वैशाख २१ गते सोमबार बसेको कटारी नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव र निर्णयहरू

## प्रस्तावहरू:

१. सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा व्यवस्थापन सम्बन्धमा।

२. भूमिहिन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासको लगत संकलन गरी NALCIS प्रणालीमा प्रविष्टि भएका विवरणलाई प्रमाणीकरण गरी जिल्ला समितिमा पेश गर्ने सम्बन्धमा।

३. विविध।

## निर्णयहरु:

प्रस्ताव नं. ०१ उपर छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प. सं. २०८२/८३ च. नं. ४१२ तथा मिति २०८३/०१/१७ को पत्र र जिल्ला प्रशासन कार्यालय, उदयपुर मार्फत गृह मन्त्रालयको च. नं. ५५१ तथा मिति २०८२/१२/२० को पत्र प्राप्त पत्रानुसार सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा अभिलेख व्यवस्थापन सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) निर्णयानुसार लेखी आएकोमा कटारी नगरपालिकाभित्रका सरकारी र सार्वजनिक जग्गाको संरक्षणमा कटारी नगरपालिकाले विभिन्न समयमा अभियानकै रूपमा सञ्चालन गरेको र आम नागरिकलाई थप झक्झीकाउन उक्त जग्गामा कुनै पनि खालको अतिक्रमण हुन नदिन सार्वजनिक सूचना निकाल्ने, स्थानीय नागरिक, सुरक्षा निकायहरूसँग समन्वय र सहकार्य गर्ने सर्वसम्मत निर्णय गरियो। साथै कटारी स्थित नापी कार्यालय र मालपोत कार्यालयसँग समन्वय गरी कटारी नगरपालिका भित्रका सरकारी र सार्वजनिक जग्गाको अभिलेख चुस्तदुरूस्त पारी राख्ने समेत सर्वसम्मत निर्णय गरियो। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ को बैठको शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरु स्वीकृत भएको मध्ये कार्यसूचीको बुँदा नं. ९२ मा उल्लेख भएबमोजिमको देहायका कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

प्रस्ताव नं. ०२ उपर छलफल गर्दा भूमि समस्या समाधान आयोग, जिल्ला समिति उदयपुरको मिति २०८२/१२/२२, आ.व २०८२/०८३, च.नं. ८४ को पत्रानुसार कटारी नगरपालिकामा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची ३ (भूमिहीन दलित/भूमिहीन सुकुम्बासीले भर्ने निवेदन) र अनुसूची-४ (अव्यवस्थित बसोबासीले भर्ने निवेदन) लगत संकलन गरी आयोगले उपलब्ध गराएको NALCIS सफ्टवेयरमा हाल सम्म भूमिहीन दलित ३६७, भूमिहीन सुकुम्बासी ९५४ र अव्यवस्थित बसोबासी ८५३७ गरी जम्मा ९८५८ प्रविष्टि भइसकेकोले उक्त विवरणलाई प्रमाणीकरण गरी अन्तिम स्वीकृतिका लागि जिल्ला समितिमा पठाउने र सफ्टवेयरमा प्रविष्टि हुन बाँकी रहेका फारामहरुलाई प्रविष्टि गरी पुनः प्रमाणीकरणका लागि पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

विविध तर्फः

१. कटारी नगरपालिकाको प्रमुख प्रशासकीय भवनको घेराबेराका लागि टेण्डर मार्फत निर्माण व्यवसायीले काम गर्दै आएकोमा मुख्य गेटसँगै ट्रसको नगरप्रहरी आवास र सुरक्षा घर निर्माण गरिरहेकोमा जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय सर्वसाधारणबाट उक्त ट्रसले नगरपालिका हुँदै मदन भण्डारी राजमार्ग निस्कने बाटोको सवारी आवागमनको अवस्था छेकिँदा दुर्घटना हुने जोखिम बढेको भन्ने व्यापक सुझाव आएकोले सम्भावित जोखिमलाई मध्येनजर गरी नगरपालिकालाई थप वित्तीय भार नपर्ने गरी उक्त निर्माणाधिन ट्रसको भवनको हालसम्म बनेको भाग भत्काई उक्त स्थानमा घेराबेरा बाहेक कुनै संरचना नबनाउने सर्वसम्मत निर्णय गरियो।

२. कटारी नगरपालिकामा रहेको बसपार्कको ठीक विपरित तथा मदन भण्डारी राजमार्गको दक्षिण र तावा खोलाको संघीय सरकारको समपूरक अनुदानमा बहुउद्देश्यीय पार्क सम्पूर्ण ठेक्का प्रक्रिया पूरा गरी निर्माण गर्दै गरिएकोमा मदन भण्डारी राजमार्गको मापदण्डका सम्बन्धमा द्विविधा भएको छ। यसै नगरपालिकाको प्राविधिक शाखासँग बुझ्दा निर्माणाधिन पार्कको वाल १५ मिटर मापदण्ड भित्र पर्ने भए पनि प्रमुख संरचना २५ मिटर मापदण्डबाट समेत त्यति प्रभावित नहुने राय प्राप्त भएकोले सार्वजनिक महत्वको पार्क निर्माणलाई निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो।

३. कटारी नगरपालिकाको वडा नं.४ स्थायी ठेगाना भएका दिल बहादुर थापाले श्री लालीगुराँस कटारी मल्टिप्रपोज निर्माण सेवा प्रा.लि. कटारी नगरपालिका वडा नं. ४ नामको "घ" वर्गको निर्माण व्यवसायीको इजाजत पत्र माग गरेको र यस नगरपालिकाको उक्त इजाजत पत्र छानविनका लागि गठन भएको समितिबाट मिति २०८३/०१/०३ मा इजाजत पत्र दिन सिफारिस भए बमोजिम श्री लालीगुराँस कटारी मल्टिप्रपोज निर्माण सेवा प्रा.लि. कटारी नगरपालिका वडा नं. ४ लाई "घ" वर्गको निर्माण व्यवसायीको इजाजत पत्र दिने सर्वसम्मत निर्णय गरियो।

४. सडक बोर्डबाट चालु आर्थिक वर्ष २०८२/८३ मा कटारी नगरपालिकाका लागि रू. २५ लाख बजेट प्राप्त भएको र नगरपालिकाको साझेदारी रू. १२ समेत गर्दा कूल हुन आउने रू. ३७ लाख रकमलाई कार्यक्रमगत रूपमा यस प्रकार विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | तावाखोला पुलबाट राजाबास हुँदै सुगाजोर खहरे सडक स्तरोन्नती | ३ | ९,००,०००/- | |
| २ | सोक्ला हुँदै भुल्के स्कुल जाने बाटो स्तरोन्नती | ५ | १४,००,०००/- | |
| ३ | बिहिबारे तपि सडक स्तरोन्नती तथा ढलान | ७ | १४,००,०००/- | |
| | जम्मा | | ३७,००,०००/- | |

५. कटारी नगरपालिकाको शिक्षा शाखाबाट कटारी नगरपालिकाको कक्षा ६-८ सम्मको स्थानीय पाठ्यक्रम तयार भई आएको र उक्त पाठ्यक्रम नामाकरणका लागि सिफारिस भई आएकोमा शाखाबाट प्रस्ताव भई आएको *"कटारी ज्ञानमाला"* लाई नै स्थानीय पाठ्यक्रमको नामाकरण गर्ने र प्राप्त हुन आएको स्थानीय पाठ्यक्रम समेत स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

६. कटारी नगरपालिका भित्र रहेका संस्थागत विद्यालयहरूले २०७९ सालदेखि शुल्क समायोजन तथा वृद्धि नहुँदा पठनपाठनमा समस्या भएको भनी नगरपालिकामा पटक पटक छलफल तथा परामर्श हुँदै आएको सन्दर्भमा, कटारी नगरपालिकाद्वारा गठित "संस्थागत विद्यालय शुल्क निर्धारण अध्ययन तथा सिफारिस कार्यदल" को प्रतिवेदन, शिक्षा समिति, सामाजिक विकास समिति तथा शिक्षा शाखाको सिफारिस समेतका आधारमा देहाय बमोजिम विद्यालय शुल्क समायोजन गर्ने सम्बन्धमा सर्वसम्मत निर्णय गरियो।

तपसिल:

| संस्थागत विद्यालय शुल्क समायोजन विवरण २०८३ | | | | | |
|---|---|---|---|---|---|
| कक्षा | हाल कायम शुल्क | १५ % वृद्धि | कुल जम्मा | समायोजन शुल्क | कैफियत |
| नर्सरी | १५०० | २२५ | १७२५ | १८०० | |
| एल.केजी. | १५५० | २३२.५ | १७८३ | १८५० | |
| यु.केजी. | १६०० | २४० | १८४० | १९०० | |
| १ | १६५० | २४७.५ | १८९८ | १९५० | |
| २ | १७०० | २५५ | १९५५ | २००० | |
| ३ | १७५० | २६२.५ | २०१३ | २०५० | |
| ४ | १८०० | २७० | २०७० | २१०० | |
| ५ | १८५० | २७७.५ | २१२८ | २१५० | |
| ६ | २००० | ३०० | २३०० | २३०० | |
| ७ | २१५० | ३२२.५ | २४७३ | २५०० | |
| ८ | २३०० | ३४५ | २६४५ | २६५० | |
| ९ | २५०० | ३७५ | २८७५ | २९०० | |
| १० | २७०० | ४०५ | ३१०५ | ३१०० | |
| ११ | ३००० | ४५० | ३४५० | ३४५० | |
| १२ | ३००० | ४५० | ३४५० | ३४५० | |

७. कटारी नगर प्रज्ञा प्रतिष्ठानको प.सं. २०८२/८३, च.नं. ९ तथा मिति २०८३/०१/२१ को पत्रबाट कटारी नगर प्रज्ञा प्रतिष्ठान ऐन बमोजिम प्रतिष्ठानको प्राज्ञिक परिषद् गठन गर्न यस नगरपालिकाको कार्यपालिकाले मनोनित गर्नुपर्ने ४ जना सदस्य (२ महिला सहित) का लागि अनुरोध भई आए बमोजिम देहायका ४ सदस्य मनोनयन गरी पठाउने सर्वसम्मत निर्णय गरियो।

| | | |
|---|---|---|
| क. भुपेन्द्र सिंह तामाङ्ग, | वडा अध्यक्ष, वडा नं.४ | -सदस्य |
| ख. मोहन बहादुर तामाङ्ग, | वडा अध्यक्ष, वडा नं.५ | -सदस्य |
| ग. हेमा कुमारी बि.क., | कार्यपालिका सदस्य | -सदस्य |
| घ. मेलिना श्रेष्ठ, | कार्यपालिका सदस्य | -सदस्य |

८. तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु संशोधन तथा रकमान्तर र शीर्षक मिलान १७ औं नगरसभाबाट गर्ने सर्वसहमतिले निर्णय गरियो।

तपसिलः

| क्र.सं. | साविक आयोजनाको नाम | बजेट | संशोधित आयोजनाको नाम | बजेट | कार्यान्वय गर्ने निकाय |
|---|---|---|---|---|---|
| १ | विविध खर्च | २,५०,०००/- | ग्रामिण स्वास्थ्य कार्यकर्ता तालिम सम्बन्धी कार्यक्रम | ७०,०००/- | वडा नं.१२ |
| २ | खेलकुद सामाग्री खरिद तथा वितरण | ३७,०००/- | विविध खर्च | ६२,०००/- | वडा नं.३ |
| ३ | भ्रमण खर्च कर्मचारी | १०,०००/- | | | |
| ४ | भ्रमण खर्च पदाधिकारी | ५०००/- | | | |
| ५ | वडा कार्यालयको सार्वजनिक हित तथा सूचना सम्बन्धी अडियो सूचना पत्रपत्रिका | ६५,०००/- | | | |
| ६ | सूचना सञ्चार | १,००,०००/- | विविध खर्च | १,००,०००/- | नगरपालिका |
| ७ | राष्ट्रिय रोजगार प्रवर्द्धन साझेदार कार्यक्रम | १,००,०००/- | पटनादेवी आ.वि. जाने मोटर बाटो निर्माण | १,००,०००/- | वडा नं.११ |
| ८ | विविध | ७२,०००/- | ईन्धन | ३५,०००/- | वडा नं.११ |

९. ईलाका प्रहरी कार्यालयको प.सं.१-०१-०१-०८२/०८३, च.नं.२९४२ तथा मिति २०८३।०१।११ को प्राप्त पत्रानुसार यस नगरपालिका क्षेत्रभित्र रहेको सरकारी, गुठी/संस्था/ प्रति/ ऐलानी जग्गामा अवैध रुपमा बसोबास गरिरेका सुकुम्बासीहरुको विवरण माग भई आएको हुँदा सो सम्बन्धी प्रयोजनार्थ सबै (१-१४) वडालाई पत्राचार गरी विवरण संकलन गरी विवरण उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

१०. वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०८३ वैशाख ०८ गते मंगलबारको बैठकबाट भएको निर्णयहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

११. स्वास्थ्य शाखाको मिति २०८२।१२।२५ को एकल महिला बिमा कार्यक्रममा नपुग रकम स्वास्थ्य बिमा दर्ता सहयोगी प्रोत्सान र स्वीपर, का.स. लगायतको स्वास्थ्य बिमा कार्यक्रमबाट भुक्तानी हुने गरी व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो।

१२.सामुदायिक महिला स्वास्थ्य स्वंयसेविकाकोलाई बिगत वर्ष जस्तै मासिक यातायात खर्च रु.२०००।- का दरले दिने स्वास्थ्य शाखाको मिति २०८२।०८।१४ को टिप्पणी अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

१३. नगर प्रमुखसँग जनता घरदैलो स्वास्थ्य कार्यक्रमको मिति २०८२।१२।१९ को टिप्पणी अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

१४.सम्बन्धित वडा कार्यालयको सिफारिस, उपचाररत अस्पतालको पुर्जा तथा सिफारिस र निवेदकको निवेदनका आधारमा तपशिल बमोजिमका व्यक्ति/संस्थालाई देहाय अनुरुप आर्थिक सहायता दिने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

| क्र.सं. | व्यक्ति/संस्थाको नाम | वडा नं. | कारण | सहायता रकम |
|---|---|---|---|---|
| १. | कर्ण बहादुर थापा क्षेत्री | ८ | आर्थिक विपन्नत तथा विरामी | १५००० |
| २ | राम बहादुर तामाङ्ग | ८ | आर्थिक विपन्नता | २५००० |
| ३ | वाङ्छेदर लामा | गाउँपालिका अध्यक्ष, भोटखोला गाउँपालिका, वडा नं.४, संखुवासभा | क्रोनिक किड्नी डिजिज मृगौला सम्बन्धी रोगी | २०००० |
| ४ | तिर्थ बहादुर अधिकारी स्मृती प्रतिष्ठानको एम्बुलेन्स | - | बिरामीलाई डायलसिस गर्न यातायात खर्च एम्बुलेन्स | २०००० |
| ५ | छत्र बहादुर क्षेत्री | ३ | आर्थिक विपन्नत तथा विरामी | २०००० |
| ६ | प्रेम बहादुर सार्की | १३ | क्यान्सर सम्बन्धी रोगी | २०००० |
| ७ | वेद नारायण श्रेष्ठ | ५ | स्कुटर दुर्घटनापरी घाईते | २०००० |
| ८ | दुखी मुसहर | ४ | रुखबाट लडेर करंक भाचिएको | २०००० |
| ९ | मिनकुमार सुनुवार | ११ | मृगौला तथा पिसाब सम्बन्धी रोगी | २०००० |
| १० | कल्पना मगर रसाईली | १ | आर्थिक विपन्नत तथा विरामी | १५००० |
| ११ | राजन दमाई | ६ | प्यारालाईसिस बिरामी | २०००० |
| १२ | टेसल माया तामाङ्ग | ४ | क्यान्सर रोगी | २०००० |
| १३ | सचिता श्रेष्ठ | ३ | मुटु सम्बन्धी रोगी तथा आर्थिक विपन्नता | २५००० |
| १४ | जित बहादुर बस्नेत | २ | मानसिक रोगी तथा आर्थिक विपन्नता | २०००० |
| १५ | शुक्रे मुसहर | ४ | गालामा मासु पलाएको अप्रेसन गर्न | २५००० |
| १६ | मनोज खत्री | ४ | मानसिक रोगी तथा आर्थिक विपन्नता | २०००० |
| १७ | न्युसन सुनाम | ३ | खेलाडीको खुट्टा भाचिएको | ४०००० |

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१